Advisors:
Dr. Kamal Pande
Dr. Kaushal Tiwari
Dr. Tilak Shrestha
Ms. Kamala Prasai
Mr. Lal Bahadur Nepali
Mr. Bishal Shah

Directors:
Mr. Ashutosh Shrivastav
Secretary General

Mr. John M Kelleher
Deputy Secretary General
Administrative Secretary

Mr. Sumir Acharya
Spokesperson

Mr. Girish Oli
Treasurer

Mr. Niraz Kshetry
Executive Member
UNN Chief Nepal

Mr. Rabin Pradhan
Executive Member

Mr. Vipin Bikram Shah
Executive Member
UNN Chief Europe

Mr. Pramod Devkota
Executive Member

Ms. Lopsee Chester
Executive Member

Contacts:
General Inquiry:
info@unnepal.org

Americas
ashutosh.x.shrivastav@unnepal.org
john.m.kelleher@unnepal.org
bishal.b.shah@unnepal.org
tilak.b.shrestha@unnepal.org

Europe:
kaushal.k.tiwari@unnepal.org

United Nationalist Nepalese
GLOBAL MISSION TO UNIFY THE NEPALESE
P.O. Box 542315
Houston, TX 77254
www.uunepal.org

सेप्टेम्बर २४, २००९ ।

सम्माननिय प्रधानमन्त्री श्री माधवकुमार नेपाल
न्यू योर्क, संयुक्त राज्य अमेरिका ।

"ज्ञापन पत्र"

सम्माननिय प्रधानमन्त्री ज्यूको न्यू योर्क शहरमा हार्दिक स्वागत गर्दै सार्वभौम राष्ट्र नेपाल र स्वाभिमानी नेपाली जातीसँग दुरगामी प्रभाव पार्ने अति महत्वपूर्ण विषयमा हामी राष्ट्रभक्त नेपालीहरु यहाँसमक्ष ज्ञापन पत्र प्रस्तुत गर्न चाहन्छौं ।

१. नेपालको राष्ट्रिय झण्डा परिवर्तनको विषयलाई तत्काल गैरकानुनी घोषणा गरिनु पर्छ । बरु राजनीतिक दलहरुले आ-आफ्ना दलहरुको नामाकरण गर्दा राष्ट्रिय व्यक्तित्व वा प्रतीकको नाम राखेर मान्यता प्राप्त राष्ट्रिय भाषामा परिवर्तन गर्नु पर्दछ । जस्तै: एकिकृत मार्क्सवाद-लेनिनवादको स्थानमा एकिकृत पुष्पलालवाद-मनमोहनवाद वा नेपाल समाजवादी दल; माओवादीको स्थानमा पुष्पकमलवादी-बाबुरामवादी वा पोखरेलवादी-गजुरेलवादी वा घोर नास्तिकवादी दल ।

२. नागरिक सर्वोच्ता बन्दुकबाट होइन जनमत सँग्रहबाट निर्देशित् जनताको अभिमतबाट स्थापना हुन्छ । त्यसैले नेपाली काँग्रेसका अध्यक्ष गिरिजा प्रसाद कोइरालाको लालच र भारतीय राज्दूत राकेश सूदको समन्वय र पहलमा होइन सार्वभौम नेपाली जनताको चाहनाबाट राष्ट्रमा परिवर्तन हुनु पर्छ । जनमत सँग्रहबाट मात्रै राजतन्त्र र हिन्दू राष्ट्रको विषयमा निर्णय हुनु पर्दछ ।

३. गणतन्त्र र संघीय शासन प्रणाली तथा संविधान लेख्ने कार्य जनमत सँग्रह नहुँदासम्मको अवस्थामा बन्द गरिनु पर्दछ ।

४. नेपाली भाषाले मात्र सरकारी कामकाजको भाषाको मान्यता पाउनु पर्ने र नेपालमा बोल्ने अन्य भाषालाई राष्ट्रिय भाषाको मन्यता दिइनु पर्दछ ।

५ पटक-पटक धार्मिक क्षेत्रमा हुने खासगरी पशुपतिनाथ मन्दिरमा हुने आक्रमणलाई आतंककारी हस्तक्षेप मानी त्यस्ता आतंककारीहरुलाई कडा भन्दा कडा सजायको व्यवस्था गरिनु पर्दछ । साथै राष्ट्रिय जनावर गाईको वध गर्नेलाई कडा कार्वाही गरिनु पर्दछ ।

६. छिमेकी राष्ट्र भारतले सिमाना मिच्ने र सिमानामा बसोबास गर्ने नेपालीहरुलाई दुख दिने कार्य कुनै नौलो नभएकोले सरकारले नेपाली धन-जनको सुरक्षा गर्न कठोर निती अवलम्वन गर्नु पर्दछ । सिमानाको वैज्ञानिक रेखांकन तत्काल हुनु पर्दछ ।

७. माओवादी पार्टीद्वारा प्रयोगमा लिएका विभिन्न क्याम्पमा राखिएका अन्जान वालवालिकाहरुको पढाई र यथोचित रोजगारको निमित्त तत्काल केही उपाय गरिनु पर्दछ । उनीहरुलाई नेपाली सेनामा समावेश गर्ने भनी हुनै नसक्ने सपना देखाएर भड्काउने कार्यलाई गैरकानुनी घोषाणा गरिनु पर्दछ ।

ज्ञापन पत्र बुझाउने

विशाल शाह, सल्लाहकार

आशुतोष श्रीवास्तव, महा सचिव

United Nationalist Nepalese